*सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तयार गरी सार्वजनिक गरिएको*

*(स्वतःप्रकाशन)*

*आर्थिक वर्ष २०८१/८२ को*

# चौथो त्रैमासिक प्रतिवेदन

**(२०८२ वैशाख-असार)**



***(सूचनाको अधिकारः लोकतन्त्रको आधार)***

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| सि.नं | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | कार्यालयमा रहने कर्मचारीको विवरण | ४ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरु | ७ |
| ५. | सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश) | १० |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | २९ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३० |
| ८. | वित्तीय प्रगति विवरण | ३१ |
| ९. | कार्यालयको वेबसाइट | ३१ |
| १०. | यस अवधिमा माग भएको सूचना र उपलब्ध गराइएको सूचना संख्या | ३२ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवं नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई सुसंस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पुऱ्याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयनमा उतार्न सम्बन्धित मन्त्रालयहरूमा लेखी पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्नेसम्मका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य पनि यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू पनि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्। साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य पनि यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा विभिन्न कार्य जिम्मेवारी तोकिएका छन्। यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजस्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना


कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार यस कार्यालयमा हाल ९ वटा महाशाखा र २३ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा १७२ जनाको स्वीकृत स्थायी दरबन्दी र ३१ करार दरबन्दी रहेको छ । यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहत विभिन्न क्षेत्र हेर्ने सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न महाशाखा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ। यस कार्यालयको दरबन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ।

**स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज**

| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | मुख्यसचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २. | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | २ |
| ३. | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४. | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | ० |
| ५. | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६. | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ७ |
| ७. | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ८. | सह-सचिव (सूचना प्रविधि) | रा.प.प्रथम | विविध | - | - | १ |
| ९. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २० |
| १०. | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| ११. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| १२. | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १३. | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |
| १४. | सि.डि.ई. | रा.प. द्वितीय | इन्जिनियरिङ्ग | सिभिल/ जनरल | - | १ |
| १५. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ३० |
| १६. | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १७. | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | अर्थशास्त्री | रा.प. तृतीय | विविध | - | - | १ |
| १९. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | १ |
| २०. | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | – | – | १ |
| २१. | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | – | – | ३ |
| २२. | ईन्जिनियर | रा.प. तृतीय | इन्जि. | सिभिल/ हाइड्रो | - | १ |
| २३. | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | – | १ |
| २४. | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | ० |
| २५. | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २६. | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | – | ५ |
| २७. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | – | १ |
| २८. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | – | – | १६ |
| २९. | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| ३०. | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | – | १ |
| ३१. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ० |
| ३२. | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | – | ० |
| ३३. | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३४. | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | – | – | ३ |
| ३५. | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३६. | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | – | – | १ |
| ३७. | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – | १८ |
| ३८. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ३३ |
| ३९. | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| ४०. | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ४ |
| ४१. | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| | **जम्मा** | | | | | १७२ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालयअन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| मुख्यसचिव श्री एकनारायण अर्याल | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री बिनोद बहादुर कुँवर |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री कृष्ण सापकोटा |
| **शासकीय मामिला क्षेत्र** | **सचिव गोविन्द्र बहादुर कार्की** |
| **१. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री नारायण प्रसाद अर्याल** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा | उपसचिव श्री प्रदीप श्रेष्ठ |
| **२. सूचना प्रविधि महाशाखा** | **सहसचिव श्री सुभाष ढकाल** |
| (क) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक |
| (ख) हेलो सरकार शाखा | उपसचिव श्री तुलाराज सुनुवार |
| | उपसचिव श्री रत्नमणि भट्टराई |
| | उपसचिव |
| **३. जनशक्ति व्यवस्थापन महाशाखा** | **सहसचिव श्री प्रेमप्रसाद आचार्य** |
| (क) प्रशासन शाखा | उपसचिव श्री सुवास श्रेष्ठ |
| (ख) सूचना, प्रेस तथा संसद समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| (ग) आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा) श्री सुकदेव प्रसाद बाँस्कोटा |
| (घ) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (प्र.म.निवास) | उपसचिव श्री राजन भट्टराई |
| **४. शासकीय सुधार महाशाखा** | **सहसचिव डा. भीष्म कुमार भूसाल** |
| (क) सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा | उपसचिव श्री जिवन चन्द्र राई |
| (ख) प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा | उपसचिव श्री लेखनाथ ज्ञवाली |
| (ग) सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री सुभाष न्यौपाने |

| विकास व्यवस्थापन क्षेत्र | सचिव श्री राजकुमार श्रेष्ठ |
|---|---|
| **१. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री भुदेव झा |
| (ख) तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा | उपसचिव श्री गोविन्द प्रसाद गौतम |
| (ग) योजना तथा अनुगमन शाखा | उपसचिव श्री रेखा पाण्डे के.सी. |
| **२. सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा** | **सहसचिव श्री नमराज घिमिरे** |
| (क) सामाजिक विकास शाखा | उपसचिव श्री कृष्ण प्रसाद शर्मा |
| (ख) भौतिक पूर्वाधार विकास शाखा | सि.डि.ई श्री मोहदत्त भट्ट |
| **३. आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा** | **सहसचिव श्री यमलाल भुसाल** |
| (क) आर्थिक मामिला शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| (ख) नीति विश्लेषण तथा समन्वय शाखा | उपसचिव श्री अम्बिका राई |
| (ग) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा | उपसचिव (तथ्याङ्क) श्री कमल पौडेल |
| **कानून तथा मानव अधिकार** | **सचिव श्री फणीन्द्र गौतम** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | **सहसचिव श्री इन्दिरा दाहाल भट्टराई** |
| (क) कानून शाखा | उपसचिव श्री राजेन्द्र कुमार लम्साल |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री मनुका घिमिरे |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री सुभाष कुमार भट्टराई** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री टोप बहादुर बिष्ट |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री विमला पौडेल |
| **विशेष पद** | **सचिव श्री खगेन्द्र प्रसाद नेपाल** |

**२०८२ बैशाख १ गतेदेखि २०८२ असार मसान्तसम्म अवकाश, सरूवा तथा पदस्थापन भएका कर्मचारीहरूको विवरण**

**अवकाश तथा राजीनामाबाट निवृत्त कर्मचारीहरूको विवरण**

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | डा. किरण रुपाखेती | सहसचिव |
| २. | श्री राजेन्द्र थापा | सहसचिव |

| | | |
|---|---|---|
| ३. | श्री माधव सिग्देल | नायब सुब्बा |
| ४. | श्री केशव लामिछाने | हलुका सवारी चालक |

## यस कार्यालय वा अन्तर्गत सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री गोविन्द बहादुर कार्की | सचिव |
| २. | श्री इन्दिरा दाहाल (भट्टराई) | सहसचिव |
| ३. | श्री भीष्म कुमार भूसाल | सहसचिव |
| ४. | श्री सिर्जना थपलिया | सहसचिव |
| ५. | श्री नीता शर्मा | सहसचिव |
| ६. | श्री गोविन्दप्रसाद गौतम | उपसचिव |
| ७. | श्री हरि प्रसाद गुरागाई | उपसचिव |
| ८. | श्री सहदेव गौतम | शाखा अधिकृत |
| ९. | श्री नविन लामिछाने | शाखा अधिकृत |
| १०. | श्री आनन्दराम श्रेष्ठ | शाखा अधिकृत |
| ११. | श्री जनक कुमार झा | अर्थ शास्त्री |
| १२. | श्री यन्तोष प्रधान | शाखा अधिकृत |
| १३. | श्री विष्णु प्रसाद भुसाल | शाखा अधिकृत |
| १४. | श्री सागर बराल | शाखा अधिकृत |
| १५. | श्री प्रबिन दाहाल | शाखा अधिकृत |

## यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | डा. खगेन्द्र प्रसाद सुवेदी | सचिव |
| २. | श्री चूडामणि पौडेल | सचिव |
| ३. | श्री निर्मला अधिकारी भट्टराई | सहसचिव |
| ४. | श्री मधु अर्याल खनाल | उपसचिव |

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| ५. | श्री श्याम दहाल | शाखा अधिकृत |
| ६. | श्री असिम रेग्मी | शाखा अधिकृत |
| ७. | श्री गणेश घिमिरे | शाखा अधिकृत |
| ८. | श्री लोग राज भट्ट | नायब सुब्बा |
| ९. | श्री अन्जु श्रेष्ठ | नायब सुब्बा |
| १०. | श्री अन्जु भट्टराई | नायब सुब्बा |

**नोटः मिति २०७८/०९/१४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको रा.प. विशिष्ट श्रेणीको सचिव -१ विशेष पदको दरबन्दी सिर्जना भएको।*

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक (२०८२ वैशाख-असारसम्म) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरूः

- सम्माननीय प्रधानमन्त्रीज्यूलाई सम्बोधन गरी दर्ता भएका ५९० वटा निवेदन/गुनासो/ज्ञापनपत्रहरू यस कार्यालयको उक्त विषयसँग सम्बन्धित महाशाखा/शाखा मार्फत सम्बन्धित निकायमा पठाइएको। साथै सोको जानकारी सम्बन्धित निवेदकलाई WhatsApp मार्फत गराइएको।

- कीर्तिपुर क्रिकेट रङ्गशालाको स्तरोन्नति, दमकमा रङ्गशालाको स्थलगत अनुगमन, झापाको औद्योगिक पार्कको विकास र पोखरा तथा भैरहवाका क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनमा देखिएका ढिलासुस्तीहरूलाई समाधान गर्ने जस्ता विभिन्न विषयहरूमा सरोकारवाला निकायहरूमा फलोअप एवं समन्वय गरिएको।

- नेपाल सरकारका विभिन्न निकायमा कार्यान्वयनमा रहेका निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका दस्तावेजहरु र सोको प्रयोजनका सम्वन्धमा विभिन्न मितिका बैठकवाट भएका निर्णयहरु कार्यान्वयनका लागि निरन्तर follow up गरिएको । यस क्रममा सेवा प्रवाहका लागि झन्झटिला कार्यविधि, निर्देशिकाहरुको खारेजीको काम विभिन्न निकायवाट हुदै आएको। हालसम्म विभिन्न निकायबाट १२ बटा मापदण्ड, कार्यविधि खारेज भएको ।
- उच्चस्तरीय शासकीय सुधार आयोग, २०८२ को दोस्रो बैठक सम्पन्न भएको, आयोगको बैठकमा शासकीय सुधारका लागि भएका निर्णयहरु कार्यान्वयनका लागि निरन्तर फलोअपको कार्य सम्पन्न भएको।

- २०८२ साल वैशाख देखि असार मसान्तसम्म १६ वटा मन्त्रिपरिषद्को बैठक सम्पन्न भएको। यस अवधिका बैठकबाट ३४७ वटा निर्णयहरु भएको साथै यस अवधिमा मन्त्रिपरिषद् समितिको १६ वटा बैठक सम्पन्न भई ३५ वटा निर्णयहरु भएको।
- कार्यालयका लागि आवश्यक एकीकृत क्याविनेट अटोमेशन प्रणाली र गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नति र सपोर्ट सम्बन्धी खरिद कार्यको निम्ति प्रस्ताव स्वीकृत एवम् सम्झौता भई स्तरोन्नति र सपोर्टको कार्य सम्पन्न भएको।
- यस आ.व.को चौथो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी प्राप्त भएका २७ वटा निवेदन उपर सूचना उपलब्ध गराइएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक विवरण (२०८१ माघ-चैत्र) तयार गरी कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको।
- यस कार्यालयमा विभिन्न सरोकारवाला निकायका पदाधिकारीहरूको उपस्थितिमा मिति २०८२/१/१६ गते विकास निर्माण सम्बन्धी बैठक बसी विभिन्न निर्णयहरु गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको। साथै विकास निर्माण सम्बन्धी ५ वटा समन्वय बैठकहरु सम्पन्न गरिएको।
- नीति प्रयोगशालाको अवधारणापत्रमा व्यवस्था भएको नीति प्रयोगशाला निर्देशक समितिको ४ वटा बैठक बसी १० वटा नीतिका मस्यौदामा राय/सुझाव उपलब्ध गराइएको।
- यस अवधिमा आयोजना भएका ३ वटा सचिव बैठकको लागि आवश्यक पूर्वतयारी, विवरण माग, सहजीकरण र बैठकका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पत्राचार गरिएको।
- सार्वजनिक निकाय गाभ्ने, खारेज गर्ने वा हस्तान्तरण गर्ने सम्बन्धमा विभिन्न आयोगबाट प्राप्त सुझाव कार्यान्वयन मार्गचित्र, २०८२ तयार गरिएको,
- मिति २०८१/१२/२६ मा बसेको निर्देशक समितिको बैठकबाट पारित भएको ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२ - २०८५/०८६) को कार्यान्वयन सम्बन्धमा मासिक रूपमा प्रगति विवरण सङ्कलन गरी समीक्षा गरिएको।

- यस कार्यालय र अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरिएको,
- यस कार्यालय र मातहतका निकायहरूको आर्थिक वर्ष २०८२/८३ को लागि नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित विषयको वार्षिक कार्ययोजना (माइलस्टोनसमेत) तथा कार्यसम्पादन सूचक तयार गरी एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरिएको,
- श्रीमान् मुख्यसचिवज्यू एवम् सङ्घीय मन्त्रालय/निकायका सचिव/प्रमुख समेतको सहभागितामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्ययोजना तथा माइलस्टोन निर्माणसम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरिएको
- हेलो सरकार शाखामा सूचनाका विभिन्न माध्यमबाट प्राप्त गुनासोहरु अध्ययन गरी ४,९५९ गुनासो समाधानका लागि सम्बन्धित निकायमा पठाईएको,
- यस अवधि (२०८२ वैशाख १ गते देखि असार मसान्त सम्म)मा सम्बद्ध निकायहरुवाट समाधान भई आएका मध्ये फछ्र्यौट गरिएका गुनासोको संख्या ५,४६४ रहेको,

- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार,मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका १०१ थान मुद्दाहरुको लिखित जवाफ तयार गरी सम्बन्धित अदालतमा पठाइएको।
- "भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८१" को मस्यौदा तयार भई सुझाव संकलनको लागि वेबसाइटमा प्रकाशित गरिएको।

यस अवधिमा यस कार्यालयका विभिन्न सचिवालय/महाशाखा/शाखाहरूबाट सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार छः

## ५.१ सम्माननीय प्रधानमन्त्रीको निजी सचिवालय

- सम्माननीय प्रधानमन्त्रीज्यूलाई सम्बोधन गरी दर्ता भएका ५९० वटा निवेदन/गुनासो/ज्ञापन पत्रहरू यस कार्यालयको उक्त विषयसँग सम्बन्धित महाशाखा/शाखा मार्फत सम्बन्धित निकायमा पठाइएको। साथै सोको जानकारी सम्बन्धित निवेदकलाई WhatsApp मार्फत गराइएको,

- सम्माननीय प्रधानमन्त्रीज्यूबाट विभिन्न देशका राष्ट्रप्रमुख तथा कुटनीतिज्ञहरूलाई व्यक्त भएका धन्यवाद सन्देश सम्बन्धित मन्त्रालय/निकायमा पठाइएको,

- प्रधानमन्त्रीको अध्यक्षता/संयोजकत्वमा हुने विभिन्न बैठकको नियमितरूपमा समन्वय र सहजीकरण गरिएको,
- नेपाल सरकारका मन्त्रीहरूको आन्तरिक भ्रमणसम्बन्धी कार्यको नियमितरूपमा सहजीकरण गरिएको (११३ वटा),
- विभिन्न देशका राष्ट्रप्रमुख तथा कुटनीतिज्ञहरूसँग शिष्टाचार भेटका लागि सहजीकरण गरिएको,
- सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमण कार्यक्रम, कार्यसूची तथा समय व्यवस्थापन र सुरक्षासम्बन्धी समन्वय गरिएको,
- प्रधानमन्त्रीज्यूबाट विभिन्न सङ्घ संस्था तथा निकायहरूलाई विशेष अवसरमा प्रदान गरिने शुभकामना सन्देशहरू समन्वय गरी प्रदान गरिएको,
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट सदर हुनुपर्ने टिप्पणी फाइलहरूको व्यवस्थापन तथा समन्वय गरिएको,
- विभिन्न विश्वविद्यालयहरूसँग सम्बन्धित बैठक, नियुक्तिलगायत अन्य कार्यहरू बारेमा पत्राचार तथा समन्वय र सहजीकरण गरिएको,
- काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयबाट संचालित काठमाडौं उपत्यका फोहोरपानी व्यवस्थापन आयोजना कार्यान्वयनको अध्यावधिक प्रगति, आयोजना कार्यान्वयनमा देखापरेका समस्या तथा चुनौती, समाधानका उपाय लगायतका विषयवस्तुमा समीक्षा र छलफल गरिएको,
- अरुण-३ जलविद्युत परियोजनाको पहुँचमार्गको लागि अधिग्रहणमा परेको थप जग्गाको मुआब्जाको विषयमा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको परमादेश कार्यान्वयन गर्न विभिन्न निकायहरुले सम्पादन गर्नुपर्ने कार्यहरुका सम्बन्धमा छलफल गरिएको,
- बुटवलदेखि नारायणघाटसम्म भैरहेको सडक निर्माणकार्य तथा सो सडकमा मालवाहक सवारी साधनको व्यवस्थापन सम्बन्धमा छलफल गरिएको,
- फर्पिङ्ग जलविद्युत गृहको संरक्षण र खानेपानीको व्यवस्थापन सम्बन्धी विषयमा छलफल गरिएको,
- साझा यातायात सहकारी संस्था लिमिटेडबाट सञ्चालन हुने विद्युतीय बस, सो बसहरुको पार्किङ एवम् चार्जिङ्गको लागि आवश्यक जग्गाको उपलब्धता सम्बन्धी विषयमा अन्तर निकायगत समन्वय बैठक आयोजना गरिएको,

- स्याफ्रुबेसी-रसुवागढी सडक, विकास निर्माणमा वन क्षेत्रको उपयोग, टोखा छहरे सुरुङमार्गको निर्माण, नागढुंगा सुरुङ्गमार्गको सञ्चालन सम्बन्धमा छलफल गरिएको,
- विगतमा निर्माण भएका विभिन्न विशिष्ट संरचनाहरु (दमक व्यापारिक कम्प्लेक्स, BICC, धरहरा, बुटवल प्रदर्शनी हल र सम्मेलन केन्द्र लगायत) को उपयोग लगायतका विषयमा छलफल गरिएको,
- ☎ झापाको दमक नगरपालिकास्थित मदनडाँगी- ताराबारी-डिपु सडक स्तरोन्नति आयोजनाको उद्‌घाटन, झापाको कन्काई नगरपालिकाका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबास गर्नेहरुलाई जग्गा धनीपूर्जा वितरण, इलामको माई नगरपालिकाको शितलीमा १५ शैयाको अस्पताल उद्‌घाटन, बृहत खानेपानी आयोजनाको शिलान्यास, झापाको बुद्धशान्ती गाउँपालिका बुधबारेस्थित भागीरथा न्यौपाने बुद्धशान्ति अस्पतालको उद्‌घाटनका क्रममा व्यवस्थापन र सहजीकरण गरिएको,
- हुलाकी राजमार्ग अन्तर्गत गौरीगञ्ज-आमबारी खण्डको झापा र मोरङ जोड्ने रतुवा पुलको उद्‌घाटनमा सहजीकरण गरिएको,
- हुम्लाको खार्पुनाथ गाउँपालिक-५ स्थित चुवाखोलामा निर्माण सम्पन्न भएको बेलिब्रिजको उद्‌घाटनमा व्यवस्थापन र सहजीकरण गरिएको,
- सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू संयुक्त राष्ट्र संघको विकासका लागि वित्तसम्बन्धी चौथो अन्तराष्ट्रिय सम्मेलनमा सहभागी हुन स्पेनको सेभियामा गएको कार्यक्रममा व्यवस्थापन र सहजीकरण गरिएको,
- कीर्तिपुर क्रिकेट रङ्गशालाको स्तरोन्नति, दमकमा रङ्गशालाको स्थलगत अनुगमन, झापाको औद्योगिक पार्कको विकास र पोखरा तथा भैरहवाका क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनमा देखिएका ढिलासुस्तीहरूलाई समाधान गर्ने जस्ता विभिन्न विषयहरूमा सरोकारवाला निकायहरूमा फलोअप एवं समन्वय गरिएको।

## ५.२ मुख्यसचिवको सचिवालय

- **नेपाल सरकार मन्त्रिपरिषद्को बैठक र मन्त्रिपरिषद्को समितिको बैठकको लागि समन्वय**
  - यस अवधिमा मन्त्रिपरिषद्को जम्मा १६ वटा बैठक सम्पन्न भएको। उक्त बैठकमा श्रीमान मुख्यसचिवज्यूको उपस्थितिका लागि समय व्यवस्थापनको कार्य भएको साथै श्रीमान् मुख्य- सचिवज्यूवाट निर्देशन प्राप्त भए बमोजिमका विषयहरुमा नेपाल सरकारका सचिवज्यूहरु बीच सचिवालयले सञ्चार, समन्वय तथा

सहजीकरणको कार्य गरेको। यस अवधिमा मन्त्रिपरिषद् समितिको १६ वटा बैठक सम्पन्न भएको र उक्त बैठकका लागि मुख्यसचिवज्यूको निर्देशन अनुसार आवश्यक समन्वय/सहजीकरणको कार्य भएको।

- **<u>नेपाल सरकारका सचिवहरुको बैठकको लागि समन्वय</u>**
  - यस अवधिमा नेपाल सरकारका सचिवहरुको ३ (तीन) वटा बैठक भई ३४ बटा निर्णय भएको। उक्त बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयनका लागि सचिवालयवाट निरन्तर Follow Up गरिएको ।
- **<u>कानून तर्जुमा र फलोअप सम्वन्धी कार्य</u>**
  - नेपाल सरकारका विभिन्न निकायमा कार्यान्वयनमा रहेका निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका दस्तावेजहरु र सोको प्रयोजनका सम्वन्धमा विभिन्न मितिका बैठकवाट भएका निर्णयहरु कार्यान्वयनका लागि निरन्तर follow up गरिएको । यस क्रममा सेवा प्रवाहका लागि झन्झटिला कार्यविधि, निर्देशिकाहरुको खारेजीको काम विभिन्न निकायवाट हुदै आएको। हालसम्म विभिन्न निकायबाट १२ बटा मापदण्ड, कार्यविधि खारेज भएको ।
  - नेपाल सरकारले जारी गरेका विभिन्न अध्यादेशहरुको मस्यौदा निर्माणका क्रममा आवश्यक समन्वय र सहजीकरण गरिएको ।
- **<u>विकास व्यवस्थापन सम्वन्धी बैठकको समन्वय</u>**
  - पूँजीगत खर्च कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान गरी नेपाल सरकारको नीति अनुरुप विकास व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा Enhancing Development Performance and Government Efficiency बिषयक सचिव गोष्ठी श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षतामा सम्पन्न गरिएको। उक्त गोष्ठीबाट सार्वजनिक खरिद ऐनको संशोधनका लागि ठोस सुझाव प्राप्त भएको तथा विकास व्यवस्थापनलाई उच्च मनोवल र सदाचार एवं नैतिकतायुक्त वनाउने साझा प्रतिवद्धता व्यक्त भएको।
  - नेपालको समष्टिगत आर्थिक परिसूचकको अवस्था र प्रवृत्ति, सार्वजनिक वित्त परिचालनको अवस्था, राष्ट्रिय गौरवका आयोजनाहरुको हालसम्मको प्रगति स्थिति, सो सम्बन्धि समस्या र समाधानको विषयमा केन्द्रीत राष्ट्रिय विकास समस्या समाधान समितिको ५४ औं बैठक सम्पन्न भएको। सो बैठकमा माथि उल्लिखित क्षेत्रगत एजेण्डासँग सम्बन्धित १६ वटा विषयहरुमा विस्तृत छलफल गरिएको । उक्त वैठकबाट यस्ता विषयहरुमा प्रस्तुतीकरण सहित समस्या समाधानार्थ सुझाव तथा निर्देशन प्राप्त भएको। प्राप्त सुझाव तथा निर्देशानुसार निकायगत कार्ययोजना तर्जुमा गरी नियमित समीक्षासहित कार्यान्वयनमा आवश्यक सहजीकरण र प्रगति स्थिति अध्यावधिक गरिएको।

- राजनिति र प्रशासनको अन्तरसम्वन्ध विकासको मोडालिटी, विकासको सहजीकरणको लागि कानूनी सुधार र नतिजा व्यवस्थापनलाई तथ्यपरक एवं जवाफदेही बनाउने गरी कार्य गर्न मुख्यसचिवबाट अनुरोध भएको।
- श्रीमान् मुख्यसचिवज्यूवाट वि.पी. राजमार्गको पुनर्निर्माण तथा सुनकोशी मरिण डाइभर्सन आयोजनाको अनुगमन गरी समयमै कार्य सम्पन्न गर्नका लागि निर्देशन भएको। उक्त कोरिडोरमा पर्ने स्थानीय तह, जिल्ला प्रशासन कार्यालय एवं आयोजना प्रमुखहरुलाई समयमा नै पुनर्निमाणको काम सम्पन्न गर्न र वर्षायाममा यातायातको आवागमनलाई सहज रुपमा सुचारु गर्नका लागि निर्देशन भएको।
- नेपालमा बैदेशिक लगानी प्रवर्द्धनका लागि यस अवधिमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा भएको लगानी बोर्डको बैठकहरूमा श्रीमान् मुख्यसचिवज्यूको सहभागिताको लागि आवश्यक तयारीको कार्य भएको।
- यस अवधिमा एन. आर. एन. कनक्लेभ, २०२५, राष्ट्रिय पर्यटन सम्बाद कार्यक्रम र Sagarmatha Sambaad, 2025 को समिक्षा कार्यकम सम्पन्न भएको।

- **<u>शासकीय सुधारका विषयहरुमा सहजीकरण</u>**
  - उच्चस्तरीय शासकीय सुधार आयोग, २०८२ को दोस्रो बैठक सम्पन्न भएको, आयोगको बैठकमा शासकीय सुधारका लागि भएका निर्णयहरु कार्यान्वयनका लागि निरन्तर फलोअपको कार्य सम्पन्न भएको।
  - अदालतका फैसला कार्यान्वयन सम्बन्धी मुख्यसचिवज्यू सहभागी हुनुपर्ने बैठकमा समय व्यवस्थापन, आवश्यक समन्वय र सहजीकरणको कार्य गरिएको। साथै, नेपालमा बाल न्यायप्रणालीको प्रवर्द्धनमा सरोकारवालाहरुको भूमिका बढाउनको लागि कार्यशाला आयोजना भएको।

- **<u>नीति प्रयोगशाला निर्देशक समितिको बैठक</u>**
  - नीति निर्माण गर्दा नीतिले प्रभाव पार्ने सरोकारवालाहरुको सहभागिता समेत गराई प्रभावकारी अन्तरक्रिया मार्फत नीति निर्माण गर्ने उद्देश्यले स्थापना भएको नीति प्रयोगशाला निर्देशक समितिको २ (दुई) वटा बैठक सम्पन्न भएको। यस अवधिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रायका लागि प्राप्त हुन आएका राष्ट्रिय यातायात नीति, मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, राष्ट्रिय विज्ञापन नीतिसमेतका मस्यौदा उपर सरोकारवालाहरुको सहभागितामा बैठक सम्पन्न गरी पृष्ठपोषण लिई राय पठाउने कार्यको लागि समन्वय र सहजीकरणको कार्य भएको।

- **<u>अभिलेख व्यवस्थापन</u>**
  - श्रीमान् मुख्यसचिवज्यूलाई सम्बोधन गरी सचिवालयमा प्राप्त पत्रहरु मुख्यसचिवज्यू समक्ष पेश गरी निकासा भए बमोजिम Online प्रणाली मार्फत कार्यान्वयनको लागि

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य विभागीय मन्त्रालयका सचिवज्यूहरु समक्ष पठाई कार्यान्वयनको वातावरण तयार भएको।

- नेपाल सरकारका वहालवाला र सेवा निवृत्त सचिवज्यूहरु तथा विभागीय प्रमुखज्यूहरुको विवरण अद्यावधिक गरी व्यक्तिगत विवरणलाई चुस्त दुरुस्त बनाइएको।

- **<u>बैठक व्यवस्थापन</u>**
  - सम्मानीय प्रधानमन्त्रीज्युको समुपस्थितिमा हुने बैठक/छलफल/कार्यक्रमहरुमा श्रीमान मुख्य सचिवज्यूको सहभागिताको प्रवन्ध गरिएको र नेपाल सरकारका सचिवज्यूहरुको समेत सहभागिता हुनुपर्ने विषयका बैठकहरुका लागि आवश्यक समन्वय गरिएको ।
  - प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका विभिन्न विषयगत समितिवाट श्रीमान् मुख्यसचिवज्यूको सहभागिताका लागि अनुरोध भई आए बमोजिम मुख्यसचिवज्यूको बैठकमा सहभागिताको लागि तयारी र सहजीकरण गरिएको।
  - व्यावसायिक तथा विद्युतीय सुशासनका लागि गठित E-governance Board को बैठक सम्पन्न भई नेपाल सरकारको सेवा प्रवाहलाई नागरिक एपमार्फत अन्तरआवद्धता गर्ने गरी कार्ययोजनाका साथ काम अघि बढेको। उक्त बोर्डवाट तयार भएका व्यक्तिगत डाटा नीति तथा ए.आई. (AI) नीतिलाई अध्ययन गरी प्रक्रिया अगाडि बढाउन सूचना प्रविधि तथा सञ्चार मन्त्रालयमा पठाउने निर्णय भए बमोजिमको काम अगाडि बढेको।
  - यस अवधिमा भएका महत्वपुर्ण सभा समारोह तथा निजामती सेवा पुरस्कार सिफारिस समितिको बैठकमा सहभागिताको लागि आवश्यक समन्वय गरेको।

- **<u>विविध</u>**
  - नेपालस्थित विदेशी अवैतनिक महावाणिज्यदूत/वाणिज्यदूतहरु र विदेशस्थित नेपाली अवैतनिक महावाणिज्यदूत/वाणिज्यदूतहरुसँग निर्यात व्यापार प्रर्वद्धनका लागि आयोजित कार्यशालामा मुख्यसचिवज्यूको सहभागिताको प्रवन्ध गरिएको ।
  - विभिन्न देशका कुटनीतिक पदाधिकारीसँग भेटघाट तथा छलफल कार्यक्रमको लागि आवश्यक समन्वय गरिएको ।
  - मुख्यसचिवज्यूको सचिवालयमा प्राप्त भएका दैनिक/साप्ताहिक सुरक्षा प्रतिवेदनको Briefing गरी अभिलेख व्यवस्थापन गरिएको ।
  - समसामयिक घटनाको अद्यावधिक विवरण संकलन गरी जानकारी गराइएको।
  - सुरक्षा सम्बन्धी बैठकका लागि समन्वय तथा आवश्यक सहजीकरण भएको।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## ५.३ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा,

### १. नेपाल सरकार, मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयहरूको तेरिज

| क्र.सं. | महिना | मन्त्रिपरिषद्को बैठक सङ्ख्या | मन्त्रिपरिषद्बाट भएका निर्णय सङ्ख्या |
|---|---|---|---|
| १ | वैशाख-असार | १६ | ३४७ |

### २. नेपाल सरकार मन्त्रिपरिषद् समितिबाट भएका निर्णयहरूको तेरिज (२०८२ वैशाख देखि ऐ. असार मसान्तसम्म)

| क्र.सं. | मन्त्रिपरिषद् समिति | बैठक सङ्ख्या | निर्णय सङ्ख्या |
|---|---|---|---|
| १. | प्रशासन समिति | ५ | ५ |
| २. | सामाजिक समिति | ३ | ३ |
| ३. | आर्थिक तथा पूर्वाधार समिति | ४ | ८ |
| ४. | विधेयक समिति | ४ | १९ |
| **जम्मा** | | **१६** | **३५** |

### ३. मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन तर्फको प्रगति विवरण

नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न बैठकबाट आ.व. २०८१/८२ को चौथो त्रैमासिक अवधिमा निर्णय भएका जम्मा ७७ निर्णयहरू प्रणालीमार्फत कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयहरूमा पठाई अनुगमन कार्य भइरहेको।

[नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्]

[मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।]

## ५.४ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य अन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, बिदा, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाश सम्बन्धी कार्यहरूका साथै कर्मचारी परिचयपत्रको छपाइ गरिएको।
- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको।
- कार्यालय बैठक लगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको।
- कार्यालयका लागि आवश्यक एकीकृत क्याविनेट अटोमेशन प्रणाली र गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नति र सपोर्ट सम्बन्धी खरिद कार्यको निम्ति प्रस्ताव स्वीकृत एवम् सम्झौता भई स्तरोन्नति र सपोर्टको कार्य सम्पन्न भएको।

## ५.५ सूचना, प्रेस तथा संसद समन्वय शाखा

### १. सूचनाको हक कार्यान्वयनसम्बन्धी कार्य

- यस आ.व.को चौथो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी प्राप्त भएका २७ वटा निवेदन उपर सूचना उपलब्ध गराइएको।
- सूचनाको हकको कार्यान्वयनको अवस्थाका बारेमा मनाङ, पोखरा, मुस्ताङ, धादिङ, चितवन, मकवानपुर, तनहुँ र गोरखा जिल्लाका जम्मा १४ वटा सरकारी कार्यालयहरुको अनुगमन गरिएको।

### २. संसद समन्वयसम्बन्धी कार्य

- व्यवस्थापिका संसद्को प्रतिनिधि सभा र राष्ट्रिय सभामा उठेका यस कार्यालयसँग सम्बन्धित विषयहरू टिपोट गर्न खटाइएका कर्मचारीहरूबाट प्राप्त विवरण प्रशोधन गरी सम्बन्धित पदाधिकारीहरूसमक्ष प्रतिवेदन गरिएको।
- संघीय संसदका दुवै सभाबाट प्राप्त प्रश्नहरू, प्रस्तावहरू एवम् अन्य विषयहरू तथा संसदमा उठेका सवालहरू उपर सम्माननीय प्रधानमन्त्रीज्यूले दिने जवाफ तयारीको लागि आवश्यक विवरणहरू एकीकृत गरी महाशाखा प्रमुख एवम् सम्बन्धित क्षेत्र हेर्ने सचिवज्यूसमक्ष पेस गरिएको।
- प्रतिनिधि सभाका माननीय सदस्य श्री प्रेम सुवालले विभिन्न विषयहरुमा सोध्नुभएको ४ (चार) वटा मौखिक प्रश्नहरुको उत्तरको मस्यौदा तयारी र स्वीकृति पश्चात प्रतिनिधि सभामा पठाइएको।
- प्रतिनिधि सभा र राष्ट्रिय सभामा छलफलको क्रममा यस कार्यालय र मातहतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम र विनियोजन विधेयक, २०८२ अन्तर्गत

विभिन्न शीर्षकहरुमा उठेका सवालहरूको जवाफको प्रारम्भिक मस्यौदा तयार गरिएको।

## ४. अन्य कार्यहरू

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक विवरण (२०८१ माघ-चैत्र) तयार गरी कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम राष्ट्रिय सूचना आयोगमा परेका ३ वटा पुनरावेदन निवेदनको सम्बन्धमा जवाफ तयार गरी आयोगमा पठाइएको। साथै राष्ट्रिय सूचना आयोग लगायत सरोकारवाला निकायबाट माग भई आएका शाखासँग सम्बन्धित विवरण समयमा नै उपलब्ध गराइएको।

## ५.६ आर्थिक प्रशासन शाखा

- यस कार्यालय तथा अन्तर्गत निकायबाट माग भएबमोजिम कार्यक्रम संशोधन/रकमान्तर तथा थप बजेटका लागि लेखी पठाइएको।
- आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको।
- यस वर्षको चौथो त्रैमासिकमा कुल वित्तीय प्रगति पुँजीगत तर्फ १०.८९ प्रतिशत र चालू तर्फ १८.४३ प्रतिशत भएको छ।

(खर्चको थप विवरण यसै प्रतिवेदनको क्र.सं. ८ मा संलग्न गरिएको छ)

## सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा

## ५.७ सामाजिक विकास शाखा

- नयाँ अन्तर्राष्ट्रिय रंगशालाको सम्भावना सम्बन्धमा सरोकारवाला निकायसँग छलफल/बैठक सम्पन्न भएको,
- त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्विवद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय र राष्ट्रिय चिकित्सा शिक्षा आयोगका विभिन्न पदाधिकारीहरुको नियुक्ति प्रक्रियाका लागि आवश्यक सहजीकरण भएको। साथै, विभिन्न विश्वविद्यालय र अध्ययन प्रतिष्ठानहरुको सभा सञ्चालनका निम्ति समेत सहजीकरण भएको,

## ५.८ भौतिक पूर्वाधार विकास शाखा

- यस कार्यालयमा विभिन्न सरोकारवाला निकायका पदाधिकारीहरूको उपस्थितिमा मिति २०८२/१/१६ गते विकास निर्माण सम्बन्धी बैठक बसी विभिन्न निर्णयहरु गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- यस अवधिमा निम्नानुसारको समन्वय बैठकहरु सम्पन्न गरिएको।

| क्र.सं. | बैठकको मिति | उपस्थित पदाधिकारीहरु | छलफलको विषयवस्तु |
|---|---|---|---|
| क. | २०८१/२/२९ | सचिव/सहसचिव प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय; भन्सार विभाग/बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/सडक विभागका महानिर्देशकहरु, सडक विभागका आयोजना निर्देशक, गृह मन्त्रालय र यातायात व्यवस्था विभागका प्रतिनिधि समेत | बुटवलदेखि नारायणघाटसम्म भैरहेको सडक निर्माणकार्यको अद्यावधिक अवस्था तथा सो सडकमा मालवाहक सवारी साधनको व्यवस्थापन सम्बन्धमा छलफल गरिएको । |
| ख. | २०८१/२/२९ | सचिव/सहसचिव प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय; खानेपानी मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सहसचिव, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक, केयुकेएलका प्रमुख कार्यकारी अधिकृत समेत | फर्पिङ्ग जलविद्युत गृहको संरक्षण र खानेपानीको व्यवस्थापन सम्बन्धी विषयमा छलफल गरिएको । |
| ग. | २०८२/३/२२ | सम्माननीय प्रधानमन्त्रीज्यूका आर्थिक विकास सल्लाहकार र जनसम्पर्क सल्लाहकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव/सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी | साझा यातायात सहकारी संस्था लिमिटेडबाट संचालन हुने विद्युतीय वस, सो बसहरुको पार्किङ्ग एवं चार्जिङ्गको लागि आवश्यक जग्गाको उपलब्धता सम्बन्धी विषयमा छलफल गरिएको । |

| | | | |
|---|---|---|---|
| | | निवारण मन्त्रालयका सचिव/सहसचिव, सहकारी विभागका रजिष्ट्रार, यातायात व्यवस्था विभागमा महानिर्देशक, साझा यातायातका पदाधिकारी समेत | |
| घ. | २०८२/३/२३ | सम्माननीय प्रधानमन्त्रीज्यूका आर्थिक विकास सल्लाहकार, जनसम्पर्क सल्लाहकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सचिव/सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालयका सचिवहरु, अर्थ मन्त्रालयका सहसचिव, सडक विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक समेत | स्याफ्रुबेसी-रसुवागढी सडक, विकास निर्माणमा वन क्षेत्रको उपयोग, टोखा छहरे सुरुङ्गमार्गको निर्माण, नागढुंगा सुरुङ्गमार्गको सञ्चालन सम्बन्धमा छलफल भएको |
| ङ. | २०८२/३/२७ | सम्माननीय प्रधानमन्त्रीज्यूका आर्थिक/विकास सल्लाहकार र जनसम्पर्क सल्लाहकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव/सहसचिव, शहरी विकास मन्त्रालयका सचिव/सहसचिव र भवन विभागका महानिर्देशक समेत | विगतमा निर्माण भएका विभिन्न विशिष्ट संरचनाहरु (दमक व्यापारिक कम्प्लेक्स, BICC, धरहरा, बुटवल प्रदशनी हल र सम्मेलन केन्द्र लगायत) को उपयोग लगायतका विषयमा छलफल गरिएको |

- चालु आर्थिक वर्ष २०८१/८२ अवधिमा भौतिक पूर्वाधार विकास शाखाको जिम्मेवारीमा रहेको राष्ट्रिय महत्वका आयोजना/परियोजनाहरुको अनुगमन गर्ने क्रियाकलापको लक्ष्य चारवटा रहेकोमा सो सम्पन्न गरी थप आयोजनाहरुको समेत अनुगमन गरिएको।

## ५.९ आर्थिक मामिला शाखा र नीति विश्लेषण तथा समन्वय शाखा

- विकासको गति र संस्कृति परिवर्तनका लागि खाका तर्जुमा गरी सोहीबमोजिम आयोजनाहरू व्यवस्थापनका लागि सबै मन्त्रालय/निकायलाई पत्राचार गरिएको।
- नेपाल सरकारले तर्जुमा गर्ने राष्ट्रिय नीतिमा एकरुपता कायम गर्ने उद्देश्यले नेपाल सरकारले स्वीकृत गर्ने राष्ट्रिय नीतिको ढाँचा तयार गरी सम्बन्धित सबै मन्त्रालय/निकायमा कार्यान्वयनको लागि जानकारी गराइएको।
- नीति प्रयोगशालाको अवधारणापत्रमा व्यवस्था भएको नीति प्रयोगशाला निर्देशक समितिको ४ वटा बैठक बसी १० वटा नीतिका मस्यौदामा राय/सुझाव उपलब्ध गराइएको।
- उद्योग-वाणिज्य प्रवर्द्धन परिषद् आदेश, २०८२ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/३/९  को निर्णयबाट स्वीकृत भएको।

## ५.१० तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा

- तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) मस्यौदालाई अन्तिम रुप दिई मिति २०८२/३/९ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट पारित भएको,
- तथ्याङ्क सम्बन्धी नीतिगत विषयमा राय/परामर्श प्रदान गरिएको,
- आर्थिक तथा सामाजिक क्षेत्रको Database तयार गरिएको।

## ५.११ सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा

- शाखामा प्राप्त अनियमितता तथा भ्रष्टाचारसम्बन्धी गुनासा/उजुरीहरूको अध्ययन गरी नियमानुसार छानबिन तथा आवश्यक कार्यार्थ सम्बन्धित मन्त्रालय वा निकायमा पत्राचार गरिएको,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रहरु सम्बन्धित मन्त्रालय वा निकायमा पठाउनुका साथै मन्त्रालय तथा निकायबाट प्राप्त प्रतिवेदन/विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने जस्ता समन्वयकारी भूमिका निर्वाह गरिएको,
- शासकीय सुधारमा भएका नवप्रवर्तनात्मक कार्यहरूको विवरण तयार गरिएको,
- यस अवधिमा आयोजना भएका ३ वटा सचिव बैठकको लागि आवश्यक पूर्वतयारी, विवरण माग, सहजीकरण र बैठकका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पत्राचार गरिएको।

## ५.१२ प्रादेशिक समन्वय,राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा

- आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ को मस्यौदा प्रतिवेदन तयार गरिएको,
- सार्वजनिक निकाय गाभ्ने, खारेज गर्ने वा हस्तान्तरण गर्ने सम्बन्धमा विभिन्न आयोगबाट प्राप्त सुझाव कार्यान्वयन मार्गचित्र, २०८२ तयार गरिएको,

## ५.१३ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा बिस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा गठित समन्वय समितिको १४१ औं बैठकबाट निर्णय भए बमोजिम राष्ट्रिय जोखिम मूल्याङ्कन सम्बन्धमा विभिन्न चार क्षेत्रका उपसमितिहरु गठन भएको,
- मिति २०८१/१२/२६ मा बसेको निर्देशक समितिको बैठकबाट पारित भएको ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२ - २०८५/०८६) को कार्यान्वयन सम्बन्धमा मासिक रूपमा प्रगति विवरण सङ्कलन गरी समीक्षा गरिएको,
- सम्पत्ति शुद्धीकरण निवारण प्रणाली सम्बद्ध समन्वय समितिको २ वटा, FATF-ICRG Group को कार्ययोजना अनुरुप Immediate Outcomes ($IO_{10}$) र Immediate Outcomes ($IO_{11}$) सँग सम्बन्धित प्राविधिक मूल्याङ्कन तर्फको Recommendation 6 र Recommendation 7 मा First Follow-Up Report (FUR) बाट प्राप्त सुझावका सम्बन्धमा ५ वटा र नेपालको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र भारतको प्रवर्तन निर्देशनालय (ED) बीच सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा Memorandum of Understanding (MOU) का लागि प्रवर्तन निर्देशनालयबाट प्रस्तावित MOU को ड्राफ्टका सम्बन्धमा १ वटा गरी जम्मा ८ वटा बैठक सम्पन्न भएको।

# नतिजा व्यवस्थापन महाशाखा

## ५.१४ नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा, तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा र योजना तथा अनुगमन शाखा

- यस कार्यालय र अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरिएको,
- मन्त्रालयगत प्रगति विवरण,२०८२ को लागि यस कार्यालय र अन्तर्गतका निकायहरूको एकीकृत विवरण तयार गरी अर्थ मन्त्रालयलाई उपलब्ध गराइएको,

- यस कार्यालय र मातहतका निकायहरूको आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रमहरूको पुस्तिका तयार तथा छपाइ गरी सङ्घीय संसद सचिवालयमा उपलब्ध गराइएको,
- यस कार्यालय र मातहतका निकायहरूको आर्थिक वर्ष २०८२/८३ को लागि नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित विषयको वार्षिक कार्ययोजना (माइलस्टोनसमेत) तथा कार्यसम्पादन सूचक तयार गरी एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरिएको,
- श्रीमान् मुख्यसचिवज्यू एवम् सङ्घीय मन्त्रालय/निकायका सचिव/प्रमुख समेतको सहभागितामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्ययोजना तथा माइलस्टोन निर्माणसम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरिएको
- एकीकृत अनलाइन अनुगमन प्रणालीमार्फत प्राप्त प्रगति विवरणको आधारमा समीक्षा अवधिभित्र आर्थिक वर्ष २०८१/८२ को चैत महिनाको प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको,
- एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट हुने सङ्घीय मन्त्रालय/निकायहरूको आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्ययोजना (माइलस्टोनसमेत) तथा कार्यसम्पादन सूचक तयार गर्न एकीकृत अनलाइन अनुगमन प्रणालीका प्रयोगकर्तालाई अभिमुखीकरण तालिम सम्पन्न गरिएको,
- एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट हुने सङ्घीय मन्त्रालय/निकायहरूको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित विषयको वार्षिक कार्ययोजना (माइलस्टोनसमेत) तयार गर्न सहजीकरण गरिएको,
- राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय एवम् सम्बन्धित मन्त्रालय समेतको सहभागितामा प्रमुख कार्यसम्पादन सूचक (Key Performance Indicator, KPI) को नाम, एकाई तथा समीक्षा अवधि निर्धारण गरिएको।

## सूचना प्रविधि महाशाखा

### ५.१५ सूचना प्रविधि शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाईट, क्याबिनेट स्वचालन प्रणाली, यस कार्यालयको स्वचालित कार्यालय प्रणाली, ई-हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, यस कार्यालयको SMS Portal, हेलो सरकार लगायतका सम्पूर्ण Portal हरुको नियमित सञ्चालन र अद्यावधिक गरिएको,
- गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नतिको कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइएको,

- एकीकृत मन्त्रिपरिषद्, मन्त्रिपरिषद् समिति र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन प्रणालीको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइएको,
- एकीकृत अनुगमन प्रणालीको स्तरोन्नतिका लागि आवश्यकता पहिचान गरी खरिद कार्य अगाडी बढाइएको,
- कार्यालयका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्फेशिफिकेसन तयारी तथा गुणस्तरको मुल्याङ्कन गरिएको,
- महाशाखा प्रमुखको अध्यक्षतामा गठित कार्यालयको विभिन्न खरिद कार्यको मूल्याङ्कन समितिको कार्य सम्पन्न गरी पेश गरिएको,

## ५.१६ हेलो सरकार शाखा

- हेलो सरकार शाखामा सूचनाका विभिन्न माध्यमबाट प्राप्त गुनासोहरु अध्ययन गरी ४,९५९ गुनासो समाधानका लागि सम्बन्धित निकायमा पठाईएको,
- यस अवधि (२०८२ वैशाख १ गते देखि असार मसान्त सम्म)मा सम्बद्ध निकायहरुवाट समाधान भई आएका मध्ये फछ्र्यौट गरिएका गुनासोको संख्या ५,४६४ रहेको,
- यस अवधिमा हेलो सरकार पोर्टल सञ्चालन तथा गुनासो व्यवस्थापन सम्बन्धी कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश ,लुम्बिनी प्रदेश र मधेश प्रदेशमा ४ वटा प्रदेशस्तरीय गोष्ठी सम्पन्न भएको,
- गुनासो व्यवस्थापन सम्बन्धी हेलो सरकारको विद्युतीय पोर्टलमा आबद्ध निकायहरुको स्थलगत अनुगमन र प्रतिवेदन- १ कार्यक्रम सम्पन्न भएको,
- रेपिड रेस्पोन्स टिमको २ वटा बैठक सम्पन्न भएको।

# कानून तथा फैसला कार्यान्वयन महाशाखा

## ५.१७ कानून शाखा र फैसला कार्यान्वयन शाखा

१. **लिखित जवाफ तयारी सम्बन्धी**:
सम्मानीय प्रधानमन्त्री, नेपाल सरकार,मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका १०१ थान मुद्दाहरुको लिखित जवाफ तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

२. **तर्जुमा सम्बन्धीः** जारी गरिएका/स्वीकृत भएका/संशोधन भएका नीति, विधेयक, नियमावली, विनियमावली, आदेश, निर्देशिका र कार्यविधिहरूको विवरणः

- अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१/२ को निर्णयबाट संघीय संसदमा पेश गर्न स्वीकृत भएको।
- हवाई सेवा व्यवस्थापन नियमावली, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१/२ को निर्णयबाट स्वीकृत भएको।
- चलचित्र सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१/२ को निर्णयबाट संघीय संसदमा पेश गर्न स्वीकृत भएको।
- अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति (चौथौं संशोधन) आदेश, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१/२ को निर्णयबाट स्वीकृत भएको।
- नेपाल हज समिति (गठन तथा सञ्चालन) आदेश, २०८१ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१/१७ को निर्णयबाट स्वीकृत भएको।
- बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट मिति २०८२/१/१७ को निर्णयबाट संघीय संसदमा पेश गर्न स्वीकृत भएको।
- स्वास्थ्य बीमा (पहिलो संशोधन) नियमावली, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१/१७ को निर्णयबाट स्वीकृत।
- औद्योगिक सम्पत्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०१/३१ को निर्णयबाट संघीय संसदमा पेश गर्न स्वीकृत भएको।
- सार्वजनिक सेवा प्रसारण नियमावली, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/२/१२ को निर्णयबाट स्वीकृत भएको।
- राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/२/१२ को निर्णयबाट संघीय संसदमा पेश गर्न स्वीकृत भएको।
- सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/२/१२ को निर्णयबाट संघीय संसदमा पेश गर्न स्वीकृत भएको।
- नेपाल गुणस्तर (प्रमाण-चिन्ह) (तेस्रो संशोधन) नियमावली, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/२/२६ को निर्णयबाट स्वीकृत भएको।
- अवैतनिक वाणिज्यदूत (छैठौं संशोधन) नियमावली, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/३/९ को निर्णयबाट स्वीकृत भएको।

- नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/३/९ को निर्णयबाट संघीय संसदमा पेश गर्न स्वीकृत भएको।
- क्यासिनो नियमावली, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/३/२३ को निर्णयबाट स्वीकृत भएको।

३. **फैसला कार्यन्वयन सम्बन्धी कार्यहरू:**

सम्मानित अदालतबाट भएका फैसला/आदेश कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पत्राचार गरिएको।

४. **राजपत्रमा प्रकाशित हुने सूचना सम्पादनका सम्बन्धमा:**

यस कार्यालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशित गरिने सूचनाहरु (सात थान) सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई आए पश्चात (सात थान) प्रकाशनको लागि मुद्रण विभागमा पठाईएको।

५. चितवन र रुपन्देही जिल्लामा फैसला कार्यान्वयन सम्बन्धी अनुगमन कार्यक्रम सम्पन्न गरिएको।

६. सर्वोच्च अदालतबाट सार्वजनिक सरोकार सम्बन्धी विवादमा भएका आदेश/फैसलाको कार्यान्वयन सम्बन्धी प्रतिवेदन प्रकाशन गरिएको।

७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०८२/०३/१० देखि २०८२/०३/१२ सम्म कानून तर्जुमा सम्बन्धी तालिम सम्पन्न गरिएको।

## मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धिसम्झौता महाशाखा

### ५.१८ मानव अधिकार शाखा र अन्तराष्ट्रिय कानून र सन्धि सम्झौता शाखा

- Contemporary Forms of Racial Discrimination, Xenophobia and Related Intolerance सम्बन्धमा सम्बन्धित मन्त्रालयहरुलाई पत्राचार गरिएको।
- Contemporary Forms of Racial Discrimination, Xenophobia and related Intolerance (Intersectionality from Racial Justice Perspective) सम्बन्धी जवाफ तयार गरी परराष्ट्र मन्त्रालय पठाइएको।
- "भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८१" को मस्यौदा तयार भई सुझाव संकलनको लागि वेबसाइटमा प्रकाशित गरिएको।
- मानव अधिकार आयोगबाट प्राप्त सिफारिसको कार्यान्वयनको लागि सम्बन्धित निकायमा प्रेषित गर्ने कार्य निरन्तर भइरहेको र सम्बन्धित कार्यका लागि सहजीकरण समितिको

विभिन्न मितिमा बैठक बसी यस आ.व. मा जम्मा १०५ वटा सिफारिसहरुको विस्तृत अध्ययन र छलफल गरिएको।

- मानव अधिकार सम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजना (आ.ब.२०८२/८३-२०८६/८७) को मस्यौदा तर्जुमा भई सङ्घीय मन्त्रालयहरु, मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरु लगायत सरोकारवाला निकायहरुसँग राय सुझाव माग गरिएको।

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ। राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ। कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, प्रेस तथा संसद समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी दिने व्यवस्था गरिएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

**प्रवक्ताको विवरण**

| | | | |
|---|---|---|---|
| **नाम** | : | **प्रेमप्रसाद आचार्य** |  |
| **पद** | : | सहसचिव | |
| **महाशाखा** | : | जनशक्ति व्यवस्थापन महाशाखा | |
| **फोन नं.** | : | ९७७-१-५९७१०७४ | |
| **इमेलः** | : | spokesperson@opmcm.gov.np | |

**सहायक प्रवक्ता/सूचना अधिकारीको विवरण**

| | | | |
|---|---|---|---|
| **नाम** | : | **सिर्जना शर्मा** |  |
| **पद** | : | उपसचिव | |
| **शाखा** | : | सूचना, प्रेस तथा संसद समन्वय शाखा | |
| **फोन नं.** | : | ९७७-१- ५९७१०१४ | |
| **इमेल** | : | suchanaadhikari@opmcm.gov.np | |

## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवं उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५

- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. वित्तीय प्रगति विवरण

**तालिका १**

**आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण**

| बर्गिकरण | ब.उ.शि.नं. | बार्षिक बजेट | चौथो त्रैमासिक खर्च | वित्तीय प्रगति (प्रतिशत) | आ.व. ०८१/८२ | |
|---|---|---|---|---|---|---|
| | | | | | खर्च | वित्तीय प्रगति (प्रतिशत) |
| चालु | 301000123 | 387,715,503.00 | 73,490,151.51 | 18.95 | 233,222,466.24 | 60.15 |
| | 301000113 | 83,600,000.00 | 13,362,986.21 | 15.98 | 41,470,873.50 | 49.61 |
| **जम्मा** | | **471,315,503.00** | **86,853,137.72** | **18.43** | **274,693,339.74** | **58.28** |
| पुँजीगत | 301000124 | 16,950,000.00 | 1,845,321 | 10.89 | 5,761,903 | 33.99 |
| **जम्मा** | | **16,950,000.00** | **1,845,321.00** | **10.89** | **5,761,903.00** | **33.99** |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

https://www.opmcm.gov.np

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यूलगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवं नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. यस अवधिमा माग भएको सूचना र उपलब्ध गराइएको सूचना संख्या

यस आ.व.को चौथो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी २७ वटा सूचना माग गरिएकोमा कानूनले तोकेको म्यादभित्रै २७ जनालाई नै सूचना उपलब्ध गराइएको छ।